**मिति २०८०।११।२२ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८०/०८१ को एघारौं नगर कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं.१** गण्डकी प्रदेश सरकारको आर्थिक ऐन-२०८० को अनुसूची -७ निर्माणजन्य पदार्थ संकलनमा लाग्ने शुल्कको तालिकाको क्रम संख्या-२ अन्तर्गत नदिजन्य पदार्थ (ढुंगा, गिट्टी. रोडा, बालुवा) मा तोकिएको प्रति घन फिट रु. ९ तथा सोहि तालिकाको क्रम संख्या-४ मा उल्लेखित सामग्रीको लागि तोकिएको दरमा १०% थप गरी न्युनतम मूल्य (प्रति घन.फिट. रु. ९.९०) कायम गरी मिति २०८०/०९/१९ र मिति २०८०/१०/२९ मा गैंडाकोट नगरपालिकाको सार्बजनिक खरिद नियमावली-२०७७ बमोजिम दुई पटक ठेक्का आब्हान गर्दा कुनै पनि बोलपत्र दाखिला हुन नआएकोले, गण्डकी प्रदेश सरकारको आर्थिक ऐन-२०८० को अनुसूची -७ ले दिएको अधिकार प्रयोग गरी उल्लेखित रेटमा २०% घटाउदा हुन आउने प्रति घन.फिट. रु. ७.९२ न्युनतम मूल्य कायम हुने गरी बिक्रि प्रक्रिया अगाडी बढाउने। साथै कराम बगर,हर्दी र केलादीलाई ठेक्का व्यवस्थापन प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं.२** मिति २०८०/०९/१९ गते बसेको आ.ब.२०८०/८१ को सातौ कार्यपालिका बैठकको निर्णय नं.७ बमोजिम नदीजन्य पदार्थ उत्खनन,संकलन बिक्रि वितरण तथा ब्यबस्थापनका लागि बिभिन्न १२ वटा घाट/खोला/नदीका स्थानको प्रारम्भिक बाताबरणीय परिक्षण (IEE) प्रतिबेदन अध्यावधिक भई पेश भएकोले उक्त प्रतिबेदन स्वीकृत गर्ने साथै अन्य निकायबाट लिनु पर्ने अनुमतिको प्रक्रिया सुरु गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं.३** यस गैंडाकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा श्री भर्गो एग्रो इन्डस्ट्रिज प्रा.लि.को तर्फबाट श्री चितवन डेभलप्मेण्ट एण्ड रिसर्च सेन्टर प्रा.लि. भरतपुर-११ ले स्वीकृतिको लागि पेश गरेको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिबेदन संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यबिधि-२०७७ को दफा-७ को उप दफा (५) बमोजिम गैंडाकोट वडा नं.१४ मा बन्न लागेको चामल मिल निर्माण प्रयोजनका लागि स्वीकृत दिने निर्णय गरियो।

**निर्णय नं.४** आधुनिक सरसफाई केन्द्र निर्माणको लागि बिस्तृत योजना प्रतिबेदन अध्यावधिक, प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिबेदन, स्थलगत भ्रमण तथा सरकारी निकायबाट अनुमति लिन आबश्यक पर्ने खर्चको लागि रु. १५ लाख नगरपालिकाको आन्तरिक आय ठेक्का मार्फत प्राप्त हुने स्रोतबाट विनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं.५** खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन सम्बन्धी कार्यविधि २०७९ (संशोधन २०८०) को परिच्छेद -२ को दफा ३ को खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्डलाई देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो।

| | |
|---|---|
| १) नगर उपप्रमुख | - संरक्षक |
| २) श्री विष्णु प्रसाद सापकोटा, गैंडाकोट-६, | - संयोजक |
| ३) वन वातावारण तथा विपद् व्यवस्थापन समिति संयोजक श्री प्रकाश सापकोटा | - सदस्य |
| ४) वडा अध्यक्ष वडा नं.६ श्री शुभाष चापागाईं | - सदस्य |
| कार्यपालिका सदस्य श्री कमला आचार्य | - सदस्य |
| वडा सदस्य वडा नं.८ श्री तर्क बहादुर थापा | - सदस्य |
| ५) मुकुन्दपुर खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाबाट श्री शेषकान्त देवकोटा | - सदस्य |
| अमरापुरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाबाट श्री मनोहरी सापकोटा | - सदस्य |
| गैंडाकोट पम्पिंग स्किम खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाबाट श्री हिरा देवी भुसाल रिमाल | - सदस्य |
| जलुके खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाबाट श्री मोतीचन्द्र चालिसे | - सदस्य |
| ६) श्री इन्द्र ज्योती पौडेल, गैंडाकोट-५ | - सदस्य |
| श्री मिना शर्मा गौडेल, गैंडाकोट-२ | - सदस्य |
| श्री प्रेम प्रसाद आचार्य, गैंडाकोट-८ | - सदस्य |
| ७) खानेपानी तथा सरसफाई / वन वातावरण शाखाका प्रमुख | - सदस्य सचिव |

रविन्द्र ख्रनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

**निर्णय नं. ६** गैंडाकोट नगरपालिकाको आ.व. २०८०/०८१ को सार्वजनिक सुनुवाई कार्यक्रम यहि मिति २०८० चैत्र ४ गते आईतबारका दिन विहान ११.०० बजे नगर कार्यपालिकाको कार्यालय परिसरमा गर्ने निर्णय गरियो।

**निर्णय नं. ७** निर्माणाधिन गैंडाकोट नगर अस्पताल भवनको निर्माण व्यवसायीबाट म्याद थपको लागि निवेदन पेश गरेको र निजले पेश गरेको कारण र औचित्य उपयुक्त नै देखिएकोले गैंडाकोट नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७७ को नियम १२९ बमोजिम उक्त भवन निर्माणको लागि कार्य सूचिका आधारमा दश (१०) महिनाको अवधी थप गरी आगामी २०८१ पौष मसान्त सम्म कायम गर्ने निर्णय गरियो।

**निर्णय नं. ८** गैंडाकोट नगरपालिकाको आ.व.२०८०/०८१ को स्वीकृत बजेट बमोजिमका देहाय अनुसारका कार्यहरुको अनुमोदन गर्ने निर्णय गरियो।

१. गैंडाकोट नगरपालिकाको यातायात गुरुयोजना MTMP (Municipality Transport Master Plan) को प्रस्तुतीकरण परामर्शदाताको रुपमा छनोट भएको संस्था श्री नारायणी ट्रेनिङ् एण्ड इन्जिनियरिङ्ग प्रा.लि. गैंडाकोटका तर्फबाट भएको प्रस्तुतीकरण अनुमोदन गर्ने।

२. गैंडाकोट नगरपालिकाको वडा नं. (१-९) को रिंगरोडको DPR र सोही रिंगरोडको IEE को प्रस्तुतीकरण परामर्शदाताको रुपमा छनोट भएको संस्था श्री दुरदर्शी इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. बुटवल-९ रुपन्देहीका तर्फबाट विज्ञको पृष्ठपोषण सहित भएको प्रस्तुतीकरण अनुमोदन गर्ने।

३. गैंडाकोट नगरपालिकाको मध्यमकालिन खर्च संरचना MTEF (Medium Term Expenditure Framework) को प्रस्तुतीकरण परामर्शदाताको रुपमा छनोट भएको संस्था श्री रेसुङ्गा ट्रेनिङ् एण्ड मल्टिप्रपोज प्रा. लि. तिलोत्तमा-२ रुपन्देहीका तर्फबाट विषय विज्ञको पृष्ठपोषण सहित भएको प्रस्तुतीकरण अनुमोदन गर्ने।

**निर्णय नं. ९** गैंडाकोट नगरपालिका वडा नं. १ को निर्माणधिन वडा कार्यालय भवनको पूर्व दक्षिण तर्फको घोल खोलाबाट वडा कार्यालयको भवन तथा परिसरको संरक्षण गर्ने प्रयोजनका लागि पक्की वाल निर्माण गर्नका लागि प्राविधिक लागत अनुमान अनुसारको रु.१० लाख बजेट व्यवस्थापन विपद्कोषबाट गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय न. १०** गैंडाकोट वडा नं. ५ मा अवस्थित गैंडाकोट स्वास्थ्य चौकीमा समग्र वडा नं. १ देखि ९ सम्मका नगरवासीलाई स्वास्थ्य सेवा लिन सहजता रहेको साथै बढ्दो जनसंख्या एवं हाल संचालनमा रहेको प्रसुती सेवामा सेवा लिने लाभग्राही वृद्धि भईरहेको अवस्थामा सो सेवालाई थप प्रभवकारी एवं गुणस्तरीय बनाउन स्थानीय समुदायको माग बमोजिम ५ बेडको आधारभूत अस्पतालको रुपमा स्तरोन्नति गर्दै विमा कार्यकम सहित २४ घण्टे आकस्मिक सेवा एवं OPD सेवा संचालन गर्न आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं. ११** गैंडाकोट नगरपालिकाबाट पूर्व प्रकाशित सूचनाको अवधिमा कतिपय भवन तथा संरचनाहरु अभिलेखीकरण गर्न छुट भएकोले नगर भित्रका भवन तथा घरको अभिलेखीकरण गर्ने प्रयोजनका लागि आगामी २०८१ बैशाख मसान्तसम्मलाई निरन्तरता दिने र तोकिएको अवधीभित्र अभिलेखीकरण गर्दा लाग्ने शुल्क सम्बन्धमा गैंडाकोट नगरपालिकाको आर्थिक ऐन २०८० मा तोकिएको नक्सा पास गर्दा लाग्ने शुल्कको तेब्बर शुल्क तोक्ने निर्णय गरियो।

**निर्णय नं. १२** पूर्व पश्चिम राजमार्गको नारायणी नदीमा बन्न लागेको नयाँ पूल निर्माण कार्यका लागि छनोट भएको तुँदी कन्स्ट्रक्शन प्रा.लि. काठमाण्डौंले आयोजनाको निर्माण कार्य शुरु गर्न सो संग सम्बन्धित निर्माण सामाग्री उपकरणहरुको भण्डारण तथा आयोजनाका कर्मचारीहरुलाई बस्न तथा साईड कार्यालय सञ्चालनका लागि स्थलगत अध्ययन पश्चात गैंडाकोट वडा नं. ७ मा रहेको सार्वजनिक जग्गामा प्रचलित कानून बमोजिमको शर्त लागू हुने गरी कार्य अगाडी बढाउने निर्णय गरियो।

रविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोईराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

**निर्णय नं. १३** गैंडाकोट नगर अस्पतालमा फार्मेसी सहायक ज्यालादारीमा कार्यरत श्री लक्ष्मी कुमारी अधिकारीलाई मिति २०८० चैत्र १ गते देखि लागू हुने गरी फार्मेसी सहायक पाँचौ तहमा करार सेवामा सम्झौता गरी कामकाजमा निरन्तरता दिने निर्णय गरियो।

**निर्णय नं. १४** राइनो संरक्षण गोल्डकप फुटवल प्रतियोगिता सञ्चालनका लागि राइनो क्लब मध्यविन्दु-४ नवलपरासी (ब.सु.पू.) लाई रु.१ लाख आर्थिक सहयोग नगरपालिकाको आन्तरीक स्रोतबाट भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. १५** नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय रामनगर,चितवनबाट रकम माग भई आएकोले उक्त कार्यालयको परिसरमा मोज्याक टायल लगाउन रु.१ लाख आर्थिक सहयोग नगरपालिकाको आन्तरीक स्रोतबाट भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. १६** गैंडाकोट नगरपालिकाको आ.व. २०८०/०८१ का लागि स्वीकृत भएका योजनाहरु मध्ये रु १० लाख र सो भन्दा माथीका पूर्वाधारतर्फका सडक पिच लगायतका योजनाहरुलाई एकिकृत रुपमा टेण्डरको प्रक्रियाबाट कार्यान्वयन गर्ने क्रममा भुक्तानी हुन बाँकी रकमलाई पूर्वाधार विकास समितिबाट सिफारिस भए बमोजिम आ.व.२०८१/०८२ मा क्रमागत लैजाने र भुक्तानी दिन बाँकी रकमलाई आगामी आ.व.२०८१/०८२ मा दिने निर्णय गरियो।

**निर्णय नं. १७** गैंडाकोट नगरपालिकामा माग भई आएका देहाय बमोजिमका संस्थालाई तपसिल अनुसारको आर्थिक सहयोग नगरपालिकाको आन्तरीक स्रोतबाट भुक्तानी दिने निर्णय गरियो।

१. कालिका माध्यमिक विद्यालय गैंडाकोट-८ लाई बालबिकास केन्द्रको लागि रु.३ लाख
२. गणेश मन्दिर गैंडाकोट -५ लाई रु.५० हजार

**निर्णय नं. १८** गैंडाकोट नगरपालिका कार्यालयको गाडी नं. बा१ झ ३४०४ को नियमित मर्मत तथा ईन्जिन समेत मर्मत भएको हुँदा सो बापतको बिल अनुसारको रकम रु.३,२२,९५१.२४/- नगरपालिकाको सवारी साधन मर्मत शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

**निर्णय न. १९** गैंडाकोट नगरपालिका वडाहरुबाट विभिन्न मितिको निर्णयानुसार सिफारिस भई आए अनुसार देहाय बमोजिमका शिर्षकहरुमा योजनाहरुको शिर्षाकान्तर/ रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

| वडा नं. | **साविकको योजना** | **रकम** | **परिवर्तित योजना शिर्षक** | **रकमान्तर योजना रकम** |
|---|---|---|---|---|
| ८ | अधिकारी मार्ग कालिका टोल विकास संस्था अन्तर्गत ऋषिराम सापकोटाको घर देखि गोविन्द सापकोटाको घरसम्म | रु.२,००,०००/- | बरालिको घर देखि आचार्यको घरसम्म मोज्याक टायल लगाउने | रु.३,५०,०००/- |
| ८ | सिद्धिविनायक टोल अन्तर्गत पशुपतिको घर देखि मणि कुमाल सोमैको घरसम्म मोज्याक टायल | रु.१,५०,०००/- | | |
| १३ | जनशक्ति आधारभुत विद्यालय व्यवस्थापन | रु.२,००,०००/- | बेल्डिया साप्ताहिक हाटबजार व्यवस्थापन (टहरा हाल्ने) | रु.२,००,०००/- |

रविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय
नगरपालिका
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

Sangam®

| | | | | |
|---|---|---|---|---|
| ४ | निरन्तर योजना विद्युतीकरण | रु.२,००,०००/- | सहज मार्गको पूर्व भाग कालीगण्डकी कोरिडोर छुने स्थानमा साईड वाल तथा ढलान गर्न | रु.१०,००,०००/- |
| ४ | आवश्यकताका आधारमा वडाका बाटाहरु ग्रावेल गर्ने | रु.५,००,०००/- | | |
| ४ | डाडागाँउ जीवनाथ घिमिरेको घर देखि पश्चिम पोखेलको घरसम्मको बाटो स्तरोन्नी | रु.३,००,०००/- | | |
| १८ | रतनपुर स्वास्थ्य चौकी | रु.२,००,०००/- | चो भञ्याङ देखि दर्शिवास हुँदै रिजल्दी जाने बाटो | रु.२,००,०००/- |

झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख